# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा. परिपत्र संख्याः ६०६ मितिः२०७०/९/३

इजाजतपत्र प्राप्त क,ख,ग, घ वर्गका बैंक तथा वित्तीय संस्था, विप्रेषण कम्पनी, मनिचेन्जर, ट्राभल, टुर्स, ट्रेकिङ्ग, होटल, एयरलाइन्स, जिएसए/पिएसए, कार्गो, कुरियर तथा इजाजतप्राप्त अन्य सबै निकायहरु ।

महाशय,

सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ (दोस्रो संशोधन अध्यादेश २०७०) को दफा २९ङ. को उपदफा (१) बमोजिम संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्बाट पारित निर्णय बमोजिम सूचीकृत भएका आतंककारी व्यक्ति, समूह वा सङ्गठनको अद्यावधिक सूची नेपाल सरकार, परराष्ट्र मन्त्रालयले आफ्नो वेवसाइटमा राख्ने र सो सूचीमा रहेका आतंककारी व्यक्ति, समूह वा सङ्गठनको सम्पत्ति वा कोष रोक्का राख्न सोही दफाको उपदफा (२) र (३) बमोजिम नेपाल सरकार, गृह मन्त्रालयले आदेश जारी गरी वेबसाइटमा प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ । साथै, सोही दफाको उपदफा (४) बमोजिम इजाजतपत्रप्राप्त संस्थाहरुले नियमित रुपमा वेवसाइट हेरी प्रकाशित सूचीमा उल्लिखित व्यक्ति, समूह वा सङ्गठनको बारेमा अद्यावधिक जानकारी हासिल गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भबदीय

(विष्णु नेपाल)
कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाई ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१०. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
११. श्री नेपाल वित्तीय संस्था संघ, तीनकुने, काठमाण्डौं ।
१२. होटल एशोसियसन अफ नेपाल
१३ नेपाल मनिचेन्जर संघ ।
१४. नेपाल विप्रेषण संघ ।
१५. ट्राभल एशोसियसन अफ नेपाल ।